# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति:२०७८।०३।२०

**प्रेस विज्ञप्ति**

समाचार संकलनका क्रममा नेपाल लाइभका फोटो पत्रकार निमेषजङ्ग राईमाथि प्रहरीले लाठी प्रहार गरेर घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

असार १९ गते शनिबार विद्यार्थी संगठनद्वारा मिनभवनमा गरिएको प्रदर्शनको समाचार संकलनको क्रममा विद्यार्थी र प्रहरीबीच भएको धरपकडका कारण लेडेका फोटो पत्रकार राईमाथि पत्रकारको पहिचान खुल्दा खुल्दै पनि प्रहरीले लाठी प्रहार गरेको थियो ।

स्वतन्त्ररूपमा पेशागत कर्म निर्वाह गरिरहेका पत्रकारमाथि प्रहरीद्वारा गरिएको यो हर्कत आपत्तिजनक हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो । महासंघ घटनामा संलग्न प्रहरीमाथि छानबिन गरी कारबाही गर्न र यस्ता घटना नदोरिनेतर्फ विशेष ध्यान दिन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org